# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१
चलानी नं. :- १६१

मिति :- २०८०।०६।०१

विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
विहादी गाउँपालिका पर्वत ।

प्रस्तुत विषयमा नेपाल शिक्षक महासंघ संयुक्त आन्दोलन परिचालन समिति विहादी गाउँपालिका पर्वतको नामबाट मिति २०८०।६।३ गते देखि अनिश्चितकालिन सामुदायिक विद्यालय बन्दका कार्यक्रम सञ्चालन गर्ने भन्ने निर्णय सहितको विज्ञप्तिको सम्बन्धमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ । विद्यालयमा पठनपाठन बन्द हुँदा बालबालिकाको शिक्षा प्राप्त गर्ने मौलिक हक कार्यान्वयनमा बाधा पर्न जाने, यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिमा बाधा पर्ने, साथै विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को बुँदा नं. ६.२ को (घ) मा भएको व्यवस्था विपरीत हुन जाने देखिएकोले संघीय सरकार समक्ष माग गर्नुपर्ने विषय विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी रचनात्मक र सांकेतिक रुपमा माग राखी नियमित विद्यालय संचालन गरी पठनपाठनको व्यवस्था मिलाउनुहुन अनुरोध छ । नियमित पठनपाठनमा अवरोध पुर्याउने कार्य प्रचलित कानून विपरीत हुन जाने व्यहोरा समेत स्मरण गराइन्छ ।

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत